ब्रिटिश गोर्खा नेपाल British Gurkhas Nepal

# गोर्खाली खबर

Gorkhali Khabar

भू.पु.गोर्खाकालागि समाचारपत्र | Newsletter for ex-British Gurkhas

अङ्क ११, जुन २०२४ Edition 11, June 2024



## महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन लाई बिदाइ

महासेनानी पल स्मिथले आफ्नो नेपाल र बि जी एन मा तीन वर्ष बढी सफल कार्यकाल सकाएर बि जी एन बाट बिदाइ लिनुभएको छ । ०३ जुलाइमा बि जी एन काठमाडौंमा आयोजित स्केल ए परेड 'कमाण्डर टो-आउट' मा उपस्थित सबै स्टाफ र परिवारजन सहभागी भएका थिए । प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन र श्रीमती भउमती गुरुङ्ग; सेनानी ज्ञानबहादुर ढेङ्गा, जी एम बि जी एन र श्रीमती अन्जु ढेङ्गा र डब्लु ओ १ मनोजकुमार जुगजाली, आर एस एम बि जी एन द्वारा बिदाइ कार्यक्रम संचालन गरिएको थियो ।

जाँदाजाँदै, आफ्नो भाषणमा महासेनानी पलले बि जी एन को उत्कृष्ट प्रतिष्ठाबारे चर्चा गर्नुभएको थियो र सम्पूर्ण स्टाफलाई उनीहरूको अटल सहयोग र समर्थनको लागि धन्यबाद दिनुभएको थियो ।





## महासेनानी ड्यान रेक्स एम भी ओ, नयाँ बि जी एन कमाण्डरलाई स्वागत

महासेनानी ड्यान रेक्स एम भी ओ ले नयाँ बि जी एन कमाण्डरको भुमिका सम्हाल्न शुरू गर्नुभइसकेको छ । महासेनानी रेक्स र उनको परिवारलाई बि जी एन काठमाडौं मा १० जुलाइमा स्वागत गरियो । प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन; सेनानी ज्ञानबहादुर ढेङ्गा, गोर्खा मेजर बि जी एन लगायत बि जी एन काठमाडौंका अफिसर तथा स्टाफ बि जी एन मन्दिरको कार्यसँगै स्वागत कार्यक्रममा उपस्थित् थिए । आफ्नो मन्तब्यमा महासेनानी रेक्सले बि जी एन को प्रतिष्ठाबारे चर्चा गर्नुभयो र आफु र आफ्नो परिवार नेपालमा सेवारत हुनु पाउँदा भाग्यमानी महशुस भएको बताउनुभयो ।

सोही दिन बि जी एन काठमाडौं मेसद्वारा रेजिमेन्टल डाइन-इन आयोजना गरी कमाण्डर बि जी एन को स्वागत गरियो ।

काठमाडौंको कार्यक्रमपछि महासेनानी रेक्स र उनको परिवार बि जी एन पोखरा जानुभएको थियो जहाँ बि जी एन पोखराका अफिसर तथा स्टाफले उनीहरूलाई स्वागत गरेका थिए ।






## २०२४ गोर्खा भर्ती प्रमाणीकरण

## RI24 Attestation Parade

ब्रिटिश आर्मी, ब्रिगेड अफ गोर्खाजमा सामेल हुँदै ३३७ जना नयाँ 'ट्रेनी राफलमेन' हरूले ०२ फेब्रुअरी २०२४ मा ब्रिटिश गोर्खाज नेपाल, पोखरामा आयोजित प्रमाणीकरण समारोह ('अटेसटेशन परेड') बीच महाराजा चार्ल्स तृतीयप्रति निष्ठाको सपथ लिएका छन् ।




महारथी सर प्याट्रिक स्याण्डर्स के सी बि सी बि इ डी एस ओ ए डी सी जेन, चिफ अफ जेनरल स्टाफ (सी जी एस) ब्रिटिश आर्मी समारोहको 'रिभीविङ अफिसर' को रूपमा सरीक हुनुहुन्थ्यो ।

नेपालका लागि बेलायती राजदुत श्री रब फेन; रथी रिचर्ड वार्डलअ ओ बि इ, कर्णल कमाण्डेन्ट ब्रिगेड अफ गोर्खाज; उप रथी द लोर्ड लेनकेसटर टि डी, पी सी, उप-कर्णल कमाण्डेन्ट ब्रिगेड अफ गोर्खाज; महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन (भु पू); महासेनानी डेभिड रबिनसन, कर्णल ब्रिगेड अफ गोर्खाज र प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन ले नयाँ रेक्रुटहरूको प्रमाणीकरण लिनुभएको थियो ।





सेनानी ज्ञानबहादुर ढेङ्गा, गोर्खा मेजर बि जी एन ले नयाँ रेक्रुटहरूलाई सपथ खुवाउनुभएको थियो भने सेनानी डेभिड कार्टर, ओ सी बि जी पी / डी आर ओ ले परेड कमाण्डर को रूपमा परेड संचालन गर्नुभएको थियो ।



प्रमाणीकरण परेडमा कठिन र लामो छनौंट प्रक्रियाबाट सफल भएर ब्रिटिश सेनामा सामेल भएका सर्वोकृष्ट रेक्रुटहरूका अभिभावक र परिवारजन पनि उपस्थित् थिए ।

## नेपालका राष्ट्रपतिलाई ब्रिगेड अफ गोर्खाज प्रतिवेदन पेश

रथी रिचर्ड वार्डलअ ओ बि इ, कर्णल कमाण्डेन्ट ब्रिगेड अफ गोर्खाज ले २६ जनवरी २०२४ मा महामहिम नेपालका राष्ट्रपति श्री रामचन्द्र पौडेल समक्ष 'द ब्रिगेड अफ गोर्खाज' को वार्षिक प्रतिवेदन पेश गर्नुभयो । नेपालका लागि बेलायती राजदुत श्री रब फेन; महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन (भु पू); महासेनानी डेभिड रबिनसन, कर्णल ब्रिगेड अफ गोर्खाज र सेनानी धीर पुन, ए एम ए पनि राष्ट्रपति कार्यालय, शितल निवासमा आयोजित सो कार्यक्रममा सहभागी थिए ।



## ब्रिटिश आर्मी प्रमुखलाई बि जी एन मा स्वागत

महारथी सर प्याट्रिक स्याण्डर्स के सी बि सी बि इ डी एस ओ ए डी सी जेन, चिफ अफ जेनरल स्टाफ (सी जी एस) ब्रिटिश आर्मी र उप-रथी द लोर्ड लेनकेसटर टि डी, पी सी, उप-कर्णल कमाण्डेन्ट ब्रिगेड अफ गोर्खाज र महासेनानी डेभिड रबिनसन, कर्णल ब्रिगेड अफ गोर्खाज लाई २९ जनवरी मा बि जी एन मा स्वागत गरिएको थियो । उक्त अवसरमा लेडी स्याण्डर्स; सेनानी साइमन रीड, सी जी एस का निमित्त एम ए २ र उप-सेनानी बेन रयाम्सडेन, सी जी एस का निमित्त ए एम ए पनि अतिथी थिए ।






महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन (भु पू); श्रीमती शारलट स्मिथ; प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन; श्रीमती भउमती गुरुङ्ग तथा अन्य बि जी एन अफिसर र स्थाफद्वारा उनीहरूको स्वागत गरिएको थियो ।

यसै अवसरमा ब्रिटिश आर्मी प्रमुख र रथी रिचर्ड वार्डलअ ओ बि इ, कर्णल कमाण्डेन्ट ब्रिगेड अफ गोर्खाज द्वारा बि जी एन, काठमाडौं स्थित् स्वर्गीय कर्पोरल मनि कुमार गुरुङ्गको नाममा निर्मित जिमखाना उद्घाटन गरिएको थियो ।

## प्रशिक्षण र कमाण्डर्स कप

२०२४ को बि जी एन प्रशिक्षण र कमाण्डर्स कप २९ एप्रिल – ०४ मे बीच बि जी एन पोखरामा सफलतापूर्वक संचालन भएको थियो । प्रशिक्षण र खेलकुद सँगै यस कार्यक्रम बि जी एन काठमाडौं, पोखरा र धरानका सबै स्टाफ एकै ठाउँमा भेला हुने अवसर पनि थियो ।

प्रशिक्षण लगत्तै कमाण्डर्स कप २४ अन्तर्गत एकल र समूहगत विधामा ब्याडमिन्टन, टेबल-टेनिस, फुटबल, बास्केटबल आदि मा बि जी एन स्टाफको उत्साहजनक सहभागिता रहेको थियो । प्रतिस्पर्धामा बि जी एन काठमाडौं ए र बि जी एन पोखरा ए कमश: प्रथम र दोस्रो आउन सफल भएका थिए ।





# बि जी एन मिलिटरी तथा सिभिलियन स्टाफ अवार्डद्वारा सम्मानित

**Member of the Order of the British Empire (MBE) [मेम्बर अफ द अर्डर अफ द ब्रिटिश एम्पायर (एम बि इ)]**

Maj Ranjan Badgami RGR (Previous GM BGN) (सेनानी रन्जन बदगामी आर जी आर (भु पू गोर्खा मेजर बि जी एन))

**Chief of the General Staff Commendation [चिफ अफ द जेनरल स्टाफ कमेनडेशन]**

Sgt Reuben Limbu QGS, Comms System Engr BGN (सार्जन्ट रुबेन लिम्बु, एन एस टि बि जी एन)

**Commander Home Command Commendation (कमाण्डर होम कमाण्ड कमेनडेशन]**

Capt Chandra Limbu AGC(GSPS) SO3 Def Sect (सह-सेनानी चन्द्र लिम्बु, ए जी सी)

Mr Sandesh Gurung - Deputy IT System Administrator (श्री सन्देश गुरुङ्ग, एन एस टि बि जी एन)

Mr Basanta Thapa Magar - MT Foreman, BGN (श्री बसन्त थापा मगर, एम टि बि जी एन)




**GOC RC Commendation [जी ओ सी आर सी कमेनडेशन]**

The Kathmandu Labour Team BGN (काठमाडौं श्रम समूह बि जी एन)

The Medical Group Practice BGN (मेडिकल विभाग समूह बि जी एन)

Mr Dhansingh Tamang, MT Detail Clerk BGN (श्री धनसिंह तामाङ, एम टि बि जी एन)

Mr Bhuwan Singh Lama – Plant Technician DIO(N) BGN (श्री भुवन सिंह लामा, डी आइ ओ (एन) बि जी एन)

Ms Sabitri Sapkota - Senior Waiter, Kathmandu Mess BGN (सुश्री साबित्री सापकोटा, काठमाडौं मेस बि जी एन)

Mr Yogendramani Tamang, Welfare Senior Clerk BGN (श्री योगेन्द्रमणि तामाङ, वेलफेयर विभाग बि जी एन)

Mr Binod Ghale, Electrician, DIO(N) BGN (श्री बिनोद घले, डी आइ ओ (एन) बि जी एन)

**Commander Commendation [कमाण्डर कमेनडेशन]**

SSgt Kerry Farr (स्टाफ सार्जन्ट केर्री फार्र)

SSgt Aaron McWilliams (स्टाफ सार्जन्ट आरन मकविलियम्स)

SSgt Lee Smith (स्टाफ सार्जन्ट ली स्मिथ)

Sgt Roshan Tamang (सार्जन्ट रोशन तामाङ)

LCpl Bikram Gurung (ल्यान्स कर्पोरल बिक्रम गुरुङ्ग)

LCpl Dil Bahadur Gurung (ल्यान्स कर्पोरल दिल बहादुर गुरुङ्ग)

LCpl Tirthaman Tamang (ल्यान्स कर्पोरल तीर्थमान तामाङ)






**Commander Certificate of Appreciation [कमाण्डर सर्टिफिकेट अफ अप्रीसीएशन]**

Mrs Charlotte Smith (श्रीमती शार्लट स्मिथ)

Mrs Kellie Smith (श्रीमती केल्ली स्मिथ)

**British Empire Medal (BEM) [ब्रिटिश एम्पायर मेडल (बि इ एम)]**

Capt (Retd) Ganeshkumar Rai, Senior Recruiting Officer, presented by HMA Mr Rob Fenn at BGN Pokhara on 02 Feb 24

(सह-सेनानी (भु पू) गणेशकुमार राई, एस आर ओ – बेलायती राजदुत श्री रब फेनद्वारा ०२ फेब्रुअरीमा प्रदान)

**GOC Commendation [जी ओ सी कमेनडेशन]**

Mrs Usha Gurung (श्रीमती उषा गुरुङ्ग)

**GOC Coin [जी ओ सी कोइन]**

Mr Yuwaraj Gurung, Operations Manager BGN Pokhara (श्री युवराज गुरुङ्ग, बि जी एन पोखरा)

Mr Sunny Rai (MCC BGN) (श्री सन्नी राई, मुभमेन्ट विभाग, बि जी एन)

Mrs Bimala Mater (श्रीमती बिमला मेटर, भु पू मेडिकल विभाग स्टाफ बि जी एन)

## संसारी माइ पूजा

ब्रिगेड अफ गोर्खाजमा महत्त्वकोसाथ हेरिने र बि जी एन को परम्परामा गाँसिएको संसारी माइ पूजा ११ मे मा ललितपुरको गोदावरीमा सु-सम्पन्न गरियो। सेनानी ज्ञानबहादुर ढेङ्गा, गोर्खा मेजर बि जी एन र झबिन्द्र ज्ञवाली, बि जी एन पण्डित को अग्रता र बि जी एन सैन्य तथा गैर-सैन्य स्टाफको सहभागितामा सो पूजा सम्पन्न भएको थियो।





## बुद्ध जयन्ती

२३ मे, अर्थात बुद्ध जयन्ती को अवसरमा बि जी एन काठमाडौंमा आचार्य पासाङ वान्दी शेर्पाको बुद्ध भगवान र बौद्ध धर्मसम्बन्धी प्रवचन आयोजना गरियो। भगवान बुद्धको जन्म, ज्ञान-प्राप्ति र देहान्त तीन अवसरको आशीष पाइने विश्वास रहेको दिनको कार्यक्रम सेनानी ज्ञानबहादुर ढेङ्गा, जी एम बि जी एन र डब्लु ओ टु दिनेश गुरुङ्ग को अगुवाइमा काठमाडौं मेस बि जी एन मा आयोजना गरिएको थियो।




## अभ्यासद्वारा SSAFA कोषमा योग्दान

SSAFA कोषमा आर्थिक योग्दान पुर्याउन बि जी एन का स्टाफ र परिवारजनले ०६ जुनमा २४-घण्टा दौडने/हिड्ने अभ्यास Exercise RUN BGN RUN संचालन गरेका थिए। उक्त अभ्यासमा २८६.८३ माइलको दुरी पूरा गरिएको थियो। अभ्यास लगत्तै बि जी एन महिला क्लबद्वारा कोष संकलन गर्ने SSAFA Brew चियापान आयोजना गरिएको थियो। SSAFA सेना, भुतपूर्व सेना र उनीहरूका परिवारलाई परी आएको समयमा सहयोग गर्ने सैनिक परोपकार हो।

धावकहरू:
स्टाफ सार्जन्ट केरी फार्
स्टाफ सार्जन्ट आरन मकविलियम्स
स्टाफ सार्जन्ट ली स्मिथ
सार्जन्ट रोशन तामाङ
ल्यान्स कर्पोरल बिक्रम गुरुङ्ग
श्रीमती शार्लट स्मिथ
श्रीमती केल्ली स्मिथ
प्रशिक्षक:
ल्यान्स कर्पोरल दिल बहादुर गुरुङ्ग
ल्यान्स कर्पोरल तीर्थमान तामाङ




## रेजिमेन्टल अशोसीएशन नेपाल {Regimental Association Nepal (RAN)}

रेजिमेन्टल अशोसीएशन नेपाल {Regimental Association Nepal (RAN)} को द्वीवार्षिक बैठक रथी रिचर्ड वार्डलअ ओ बि इ, कर्णल कमाण्डेन्ट ब्रिगेड अफ गोर्खाज; महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन (भु पू); महासेनानी डेभिड रबिनसन, कर्णल ब्रिगेड अफ गोर्खाज; प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन लगायत बि जी एन तथा गोर्खा वेलफेयर ट्रष्ट (नेपाल) का अफिसर तथा स्टाफका साथ २५ जनवरी मा बि जी एन काठमाडौं परिसरमा आयोजना गरिएको थियो ।




रेजिमेन्टल अशोसीएशन नेपाल {Regimental Association Nepal (RAN)} द्वारा ललितपुरमा ०९ जुनको दिन महासेनानी पल स्मिथ, बहिर्गामी कमाण्डर बि जी एन लाई एक कार्यक्रम आयोजना गरी बिदाइ गरियो । हरेक रेजिमेन्टबाट चार प्रतिनिधि सम्मिलित उक्त बिदाइ कार्यक्रममा RAN द्वारा महासेनानी पल स्मिथले भुतपूर्व गोर्खालीहरूप्रति गर्नुभएको सहयोग र समर्थनको लागि धन्यबाद ज्ञापन गरिएको थियो । उक्त कार्यक्रममा सेनानी भीमबहादुर गुरुङ्ग (भु पू) क्यु जी इ, अध्यक्ष RAN; सेनानी बालकृष्ण राना (भु पू) क्यु ओ जी एल आर, महासचिव RAN लगायत RAN का पदाधिकारी तथा सदस्यहरू; महासेनानी पल स्मिथ र परिवार; सेनानी ज्ञानबहादुर ढेङ्गा, गोर्खा मेजर बि जी एन; सेनानी बिजयन्त शेरचन (भु पू), उप-निर्देशक कदुरी एशोसिएशन लगायत ब्रिटिश गोर्खा भेट्रानहरू उपस्थित् थिए ।





## माध्यमिक विद्यायलका लागि अत्यावश्यक नयाँ भवन

- गोर्खा वेलफेयर ट्रष्ट (नेपाल) / GWT(N)

*जीर्ण भवनहरूमा अध्ययन*

श्री शिक्षा बोधिनी माध्यमिक विद्यालय पुग्न एरिया वेल्फेयर सेन्टर चितवनबाट सवारीसाधनमा झण्डै दुई घण्टा लाग्छ । करिब ३७० विद्यार्थी संख्या रहेको यस विद्यालयमा केही विद्यार्थीहरू एक घण्टा भन्दा बढी पैदल हिँडेर आउने गर्छन् ।

विद्यालयबाट निवेदन परेपछि GWT का कर्मचारीहरूले गत वर्ष निरिक्षण गर्दा विद्यालयका आठ कक्षा कोठाहरू जीर्ण अवस्थामा र अन्य कोठाहरूलाई मर्मत सम्भारको आवश्यकता रहेको ठहर भयो ।

विद्यालयका पूर्व प्रधानाध्यापक र हालका शिक्षक कृष्ण प्रसाद न्यौपाने भन्नुहुन्छ, “अधिकांश कक्षाकोठाहरू पुराना छन् । बेलाबेलामा मर्मत गरिनै रहेका छौं तर हामीलाई नयाँ भवनको आवश्यकता छ । २०७२ सालको भूकम्पले पनि भवनमा क्षति पुर्‍याएको छ।”

“हालसालै विद्यालयले कक्षा १२ सम्म कक्षा सञ्चालन गर्ने स्वीकृति पाएको छ तर हामीसँग पर्याप्त कोठाहरू छैन । GWT ले हाम्रो निवेदनलाई अनुमोदन गरी नयाँ १२ कोठे भवन बन्ने भएपछि हामी एकदमै उत्साहित छौं ।”

“म यस विद्यालयको पूर्व विद्यार्थी पनि हुँ । त्यस बेला यहाँ कक्षा ५ सम्म मात्र पठनपाठन हुने गर्दथ्यो भने त्यसभन्दा माथिको शिक्षा आर्जनको लागि अर्कै गाँउको विद्यालय जानु पर्थ्यो । हरेक दिन एक घण्टा हिँडेर जाने बाध्यता थियो । बाटोमा खोला भएकोले पानी पर्दा खोला तर्न कठिन हुन्थ्यो । कहिँले काँही त चप्पल र कापी खोलाले बगाइदिन्थ्यो ।”







“GWT को बारेमा विद्यालयका एक शिक्षकको साथीले सामाजिक सञ्जाल मार्फत जानकारी पाएका रहेछन् । सोही अनुरूप हामीलाई पनि GWT चितवनमा सम्पर्क राख्न सल्लाह दिइयो ।”

“निवेदन दिएपछि GWT का कर्मचारीहरू विद्यालयको आवश्यकता बुझ्न आउनुभएको थियो । केही समय पछि हाम्रो निवेदन स्वीकृत भएको खबर पायौं । हामी एकदमै खुशी छौं ।”

*भवन निर्माणको योजना*

हाम्रो प्राविधिक टोलीले विद्यालय भवनहरूको निरिक्षण गरेपछि त्यहाँ १२ कोठे नयाँ भवन निर्माण र पाँच वटा कोठाको मर्मत गर्ने योजना बनाएका छन् । विद्यालयको लागि धाराको सुविधा सहित नयाँ शौचालय ब्लक, कक्षा कोठाहरूका लागि डेस्क-बेञ्चहरू र विद्यालय परिसरको घेराबार निर्माण गरिनेछ ।



निर्माण कार्य डिसेम्बर महिना सन् २०२३ बाट शुरू भइसकेको छ भने नयाँ कक्षा कोठाहरूका संरचना देख्न थालिसकेको छ । सम्पूर्ण निर्माण कार्य यसै आ.व.को जुन महिनासम्म गरिसक्ने योजना रहेको छ भने विद्यार्थी र शिक्षकहरू नयाँ र सुरक्षित भवनमा अध्ययन गर्न उत्साहित छन् ।

## *बि जी एन विविध*

**रथी रिचर्ड वार्डलअ र महासेनानी डेभिड रबिनसन**

रथी रिचर्ड वार्डलअ ओ बि इ, कर्णल कमाण्डेन्ट ब्रिगेड अफ गोर्खाज र महासेनानी डेभिड रबिनसन, कर्णल ब्रिगेड अफ गोर्खाज लाई २६ जनवरीमा प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन, बि जी एन अफिसर तथा स्टाफ, परिवारजन लगायतले बि जी एन काठमाडौंमा स्वागत गर्नुभएको थियो । यस क्रममा रथी वार्डलअ र महासेनानी रबिनसन RAN का पदाधिकारी तथा सदस्यहरूसँग छलफलमा सहभागी हुनुभएको थियो ।



**सहायक रथी फेयर्स**

सहायक रथी फेयर्स, कर्णल अफ द रेजिमेन्ट क्विन्स गोर्खा सिगनल्स (क्यु जी एस); प्रमुख सेनानी जनी केरी, कमाण्डर क्यु जी एस; सेनानी दिपक राई एम भी ओ, गोर्खा मेजर क्यु जी एस लाई २६ मार्चमा बि जी एन मा स्वागत गरियो । प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन लगायत बि जी एन अफिसर तथा स्टाफले उनीहरूको स्वागत गर्नुभएको थियो भने नेपाल सिगनल ट्रूप (एन एस टि) का स्टाफ अतिथिहरूसँग खेलकुद र अन्तरक्रियामा संलग्न भएका थिए ।



**ए भी एम भिजिट**

एयर भाइस-मार्शल मिक स्मिथ सी बि इ, निर्देशक ग्लोबल डिफेन्स नेटवर्क २२ मे मा मुख्यालय बि जी एन आउनुभएको थियो । ए भी एम स्मिथलाई महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन (भु पू); प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन, सेनानी ज्ञानबहादुर ढेङ्गा, जी एम बि जी एन लगायत बि जी एन अफिसर तथा स्टाफले स्वागत गरेका थिए ।



**उप रथी जेरल्ड स्त्रीकल्याण्ड**

उप रथी जेरल्ड स्त्रीकल्याण्ड डी एस ओ  एम बि इ र प्रमुख सेनानी (भु पू) एल्टन डेभिस लाई १५ एप्रिलमा बि जी एन काठमाडौंमा स्वागत गरियो | प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन र सेनानी ज्ञानबहादुर ढेङ्गा, जी एम बि जी एन लगायत बि जी एन अफिसर तथा स्टाफ स्वागत कार्यक्रममा सहभागी हुनुहुन्थ्यो |



**जाजरकोट भुकम्पपिडितलाई सहयोग**

०३ नभेम्बरमा पश्चिम नेपालको जाजरकोटमा गएको भुकम्पले असर पुर्याएको स्थानीयहरूलाई सहयोग स्वरूप ब्रिगेड अफ गोर्खाज समुदायबाट संकलित रकम बि जी एन मार्फत हस्तान्तरण गरियो । आफ्नो भिजिटको क्रममा उप रथी जेरल्ड स्त्रीकल्याण्ड डी एस ओ एम बि इ ले श्री दिपक राना, अध्यक्ष भेरी नगरपालिका-०१ लाई उक्त सहयोग रकम १५ एप्रिल मा बि जी एन काठमाडौंमा हस्तान्तरण गर्नुभएको थियो ।



## सम्पर्क विवरणहरू:

**गोर्खा भेट्रान्स एड्भाइस सेन्टर्स (जिभ्याक)**
**Gurkha Veterans' Advice Centres (GVAC)**

| | | |
|---|---|---|
| **पेन्सन** | काठमाडौं- ०१-४२३५३२२ | bgn-vs-gvack-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१- ५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५३६९९२ | bgn-vs-gvacd-groupmailbox@mod.gov.uk |
| **रेकर्ड्स** | काठमाडौं- ०१-४२३५३२४ | vsoktm@bgp.com.np |
| | पोखरा- ०६१-५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५७९११० | dipakarki.thapa118@mod.gov.uk |
| **गोर्खा सेटलमेन्ट अफिस** | काठमाडौं- ०१-४२३५३२९ | bgn-vs-gso-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१-५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५७९१८९ | gvacdharan@bgp.com.np |


**मुख्यालय, ब्रिटिश गोर्खा नेपाल**
मानभवन ,ललितपुर
बि एफ पी ओ ४
नेपाल

**Headquarters, BRITISH GURKHAS NEPAL**
Manbhawan, Lalitpur
British Forces Post Office 4
Nepal

BFBS Gurkha – c/o HQ BGN, BFPO 4


**अपरेशनमा नी:शुल्क वेलफेयर पार्सल पठाउन सकिने बारे सूचना**
अपरेशनमा परिचालित सेवारत सिपाहीहरूलाई परिवार सदस्यहरूले बि.जी.एन मुख्यालय, काठमाडौंबाट सानो वेलफेयर पार्सल (अधिकतम् २ कीलो; करीब A4 पेपर साइजको; अचार जस्ता नष्ट हुने खालका खाद्य पदार्थ, सुर्तीजन्य पदार्थ र घ्यू जस्ता एफ.पी.ओ. द्वारा निषेधित सामान नसमेटी ) नी:शुल्क पठाउन सक्नेछन् |

**Notice on Sending Welfare Parcels to Personnel in Operations**
Family members of serving personnel deployed on Operations are eligible to post small welfare parcels (maximum 2 k.g; size roughly A4 size paper; not including items restricted by FPO like perishable food like chutney/pickle, tobacco products, ghee etc.) for free from BGN HQ, Kathmandu.

**Contact: BGN FPO, Ph. 01-4235236; e-mail: BGN-SNCO-FPO-GroupMail@mod.gov.uk**

जरूरी सूचना र सम्पर्कमा रहनको लागि ब्रिटिश गोर्खा नेपालको फेसबुक पेज लाइक र फलो गर्नुहोला
For important updates and to stay in touch, like and follow British Gurkhas Nepal's Facebook page
British Gurkhas Nepal @BritishGurkhasNepal
https://www.facebook.com/BritishGurkhasNepal/

https://www.army.mod.uk/who-we-are/corps-regiments-and-units/brigade-of-gurkhas/british-gurkhas-nepal/

**<u>Headquarters British Gurkhas Nepal Media Points of Contact:</u>**


Maj Gyanbahadur Dhenga
Gurkha Major; Media Officer

Gaurav Chandra Gurung
Communications Officer
GauravChandra.Gurung125@mod.gov.uk